सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २५२ ♦ २०८३ साल जेष्ठ १३ बुधवार ♦ 27 May 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# लिखित सहमती पछि बर्दिवास ३ कालापानीमा बस्ती हटाउने विरोधको आन्दोलन स्थगित , अवरुद्ध बीपी राजमार्ग सुचारु

खबर दर्पण समाचारदाता

**जेष्ठ १२ गते, बर्दिवास**

महोत्तरीको बर्दिबास नगर पालिका-३ स्थित कालापानी क्षेत्रमा बस्ती हटाउने प्रयासको विरोधमा आन्दोलित स्थानीयवासीले लिखित सहमती पछि आन्दोलन स्थगित गरेको छ। आन्दोलनका कारण पूर्व-पश्चिम राजमार्ग तथा बीपी राजमार्ग हुँदै आवतजावत गर्ने सयौं सवारी साधनका हजारौ यात्रुहरु बीच बाटोमै रोकिएर अलपत्र परेका थिए भने अहिले राजमार्ग ५ बजे देखि सुचारु भएपछि गन्तव्य तर्फ निस्किन थालेका छन् ।



प्रशासनले ५० वर्षभन्दा पुरानो कालापानी वन क्षेत्रमा रहेको बस्ती हटाउने तयारी थालेपछि स्थानीयवासी विरोधमा उत्रिएका थिए। सोमबार साँझ बस्ती खाली गराउने विषयमा सूचना दिन पुगेका वन कर्मचारीहरूलाई स्थानीयले राति १२ बजेसम्म नियन्त्रणमा राखेका थिए । त्यसपछि रातिदेखि नै बीपी राजमार्ग अवरुद्ध गर्दै उनीहरूले प्रदर्शन चर्काए थिए ।

आन्दोलन उग्र बन्दै जाँदा प्रदर्शनकारीहरूले वन कार्यालयको एउटा गाडीमा आगजनी गरेका छन् । गाडी पूर्ण रूपमा जलेर नष्ट भएको डिभिजन वन कार्यालय महोत्तरीका प्रमुख अजयकुमार मिश्रले जानकारी दिनुभयो ।

प्रहरीले हस्तक्षेप गर्दै राति अवरुद्ध सडक खुलाएको र स्थानीयको नियन्त्रणमा रहेका वन कर्मचारीलाई सकुशल उद्धार गरिएको जनाएको छ । तर मङ्गलबार बिहानदेखि पुन: स्थानीयले सडक अवरुद्ध गर्दै प्रदर्शनमा उत्रेका पूर्व वडा सदस्य तथा स्थानीय युवा नेता गणेश बस्नेतले जानकारी दिनुभयो ।

स्थानीयवासीले वर्षौंदेखि बसोबास गर्दै आएको ठाउँबाट वैकल्पिक व्यवस्था बिना जबर्जस्ती हटाउन खोजिएको भन्दै आक्रोश व्यक्त गरेका छन् । “हामीलाई बसोबासको सुनिश्चितता नभएसम्म आन्दोलन रोकिँदैन,” बर्दिबास-३ का वडा अध्यक्ष विराट विष्टले बताउनुभयो । उहाँले बस्ती नउठाउने स्पष्ट प्रतिबद्धता सरकार र प्रशासनबाट नआएसम्म आन्दोलन जारी रहने बताउनुभयो ।

सोहि अनुसार महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव सहित सुरक्षानिकाय जिल्ला स्तरीय प्रमुखहरु सहितको स्थानियवासी बीच यो बस्ती हटाउने कुनै पनि किसिमको काम अघि नबढाउने लिखित सहमती पश्चात आन्दोलन हाललाई स्थगित गरिएको र अवरुद्ध रहेको बाटो खुलाइएको वडा अध्यक्ष विष्टले बताउनुभयो ।

आन्दोलनकारी र सुरक्षाकर्मीबिच केहीबेर तनावपूर्ण अवस्था सिर्जना भएको प्रत्यक्षदर्शीहरूले बताएका छन् । यद्यपि कुनै अप्रिय घटना नभएको इलाका प्रहरी कार्यालय बर्दिबासका डीएसपी गुरुप्रसाद तिम्सिनाले बताउनुभयो । उहाँका अनुसार राति केही प्रदर्शनकारीलाई नियन्त्रणमा लिइए पनि पछि नगर प्रमुख प्रह्लाद क्षेत्रीको जिम्मामा छोडिएको हो ।

## बस्ती हटाउने योजना नरहेको वन कार्यालयको स्पष्टोक्ति

यसैबीच डिभिजन वन कार्यालय, महोत्तरीले बर्दिवास नगरपालिका-३ कालापानी क्षेत्रमा बस्ती खाली गराउने कुनै योजना नरहेको स्पष्ट पारेको छ ।

कार्यालयले सोमबार सार्वजनिक अपिल जारी गर्दै स्थानीयस्तर मा फैलिएको भ्रम र त्यसबाट उत्पन्न तनावप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो ।

डिभिजन वन कार्यालयका प्रमुख डिएफओ अजय कुमार मिश्रद्वारा जारी अपिलमा सोमबार साँझ नियमित वन गस्तीका क्रममा वनकर्मीले गरेको मौखिक आग्रहलाई लिएर गलत बुझाइ फैलिएको उल्लेख गरिएको छ ।

उहाँको अनुसार उक्त घटनापछि केही स्थानीय नागरिक उत्तेजित भई आन्दोलित हुँदा अवस्था तनावपूर्ण बनेको हो ।

“कसैको बासस्थान हटाउने योजना छैन, साथै त्यस्तो कुनै योजना बनाएर सुरक्षा निकायसँग लिखित वा मौखिक रूपमा अनुरोध समेत गरिएको छैन,” अपिलमा भनिएको छ । वन कार्यालयले स्थानीय नागरिकसँग समन्वय, संवाद र छलफलमार्फत सहकार्य गर्न आफू सधैं तयार रहेको जनाएको छ । डिएफओ मिश्रले अफवाह र भ्रममा नपर्न आग्रह गर्दै शान्ति र संयमता अपनाउन सबै पक्षलाई अनुरोध गरेका छन् ।

शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran परिवर्तनकालागि १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# दलित समुदायः सङ्घर्ष, सीप र सम्मानको खोजी

**खबर दर्पण समाचारदाता**
**जेष्ठ १२ गते, बर्दिवास**

मिथिलाको ऐतिहासिक र सांस्कृतिक केन्द्र मानिने यस धनुषा जिल्लामा दलित समुदायले पनि समाज निर्माणमा महत्वपूर्ण योगदान दिँदै आएका छन्। तर परम्परागत सामाजिक संरचना, आर्थिक अभाव र जातीय विभेदका कारण धनुषाका धेरै दलित समुदाय अझै विकासको मूलधारबाट पछाडि रहेका छन् ।

धनुषामा मुख्य रूपमा डोम, चमार, पासवान, मुसहर, तत्मा, खत्वे, हलखोर, धोबीलगायत दलित समुदायको बसोबास रहेको छ । जनकपुरधाम उपमहानगरपालिका, क्षीरेश्वर नाथ नगरपालिका, मिथिला नगर पालिका, सबैला नगरपालिका, गणेशमान चारनाथ नगर पालिका, कमला नगरपालिका तथा ग्रामीण क्षेत्रका विभिन्न बस्तीमा यी समुदायको वसोवास उल्लेख्य रहेको छ । जनकपुर धामको दक्षिण क्षेत्रमा बसोबास गर्दै आएका ६५ वर्षीय रामेश्वर महराले भन्नुभयो, “पहिला हाम्रो समुदायलाई समाजले हेर्ने दृष्टि धेरै फरक थियो, अहिले केही परिवर्तन आएको छ तर पूर्ण रूपमा समान व्यवहार अझै भएको छैन ।” उहाँका अनुसार शिक्षाको पहुँच बढेपछि नयाँ पुस्तामा आत्मविश्वास बढेको छ ।

धनुषाका दलित समुदाय परम्परागत रूपमा श्रम र सीपसँग जोडिएका छन्। चमार समुदाय छालाजन्य काम, जुत्ता निर्माण तथा कृषि मजदुरीमा संलग्न रहँदै आएको छ भने डोम समुदाय बाँसजन्य सामग्री निर्माण, बाजागाजा र विभिन्न सांस्कृतिक कार्यमा सक्रिय देखिन्छ। तत्मा समुदाय कपडा बुन्ने परम्परागत पेसासँग जोडिएको थियो तर आधुनिक बजार र उद्योगको विस्तारसँगै परम्परागत पेसा सङ्कटमा पर्दै गएको राष्ट्रिय तत्मा समाजका अध्यक्ष रामअशिष दासले बताउनुहुन्छ। डोम समुदायका अगुवा इन्द्रजित मरिकका अनुसार अहिले धेरै युवाले परम्परागत पेसा छाडेर वैदेशिक रोजगारी रोज्न थालेका छन् ।

धनुषाको मुसहर समुदायको अवस्था अझै चुनौतीपूर्ण देखिन्छ । जिल्लाको पूर्वी तथा दक्षिणी क्षेत्रका धेरै मुसहर बस्तीमा गरिबी, अशिक्षा र खाद्य असुरक्षाको समस्या गम्भीर छ । दैनिक ज्यालादारी मजदूरी गरेर जीवन चलाउने अधिकांश परिवारसँग पर्याप्त भूमि छैन । कतिपय परिवार अझै कच्ची घरमा बसोबास गर्न बाध्य छन् । आर्थिक अभावका कारण धेरै बालबालिका नियमित विद्यालय जान सक्दैनन् । सबैला नगरपालिका-१२ बर्कुवाका ५८ वर्षीय सत्यनारायण सादा भन्नुहुन्छ, “बच्चालाई विद्यालय पठाउन चाहन्छौं, तर घर चलाउनै गाह्रो हुन्छ ।”

शिक्षक महावीर दास दलित बालबालिकालाई विद्यालयमा टिकाइराख्न आर्थिक सहयोगसँगै सामाजिक वातावरण पनि आवश्यक रहेको बताउनुहुन्छ। “कतिपय बालबालिका विद्यालय पुग्छन्, तर घरको आर्थिक समस्याले पढाइ निरन्तर गर्न सक्दैनन्”, उहाँले भन्नुभयो । दलित छात्राको अवस्था अझ संवेदनशील देखिन्छ ।

प्रारम्भिक शिक्षा पछि धेरै छात्रा घरेलु काम, बालविवाह र गरिबीका कारण अध्ययन छाड्न बाध्य हुने अवस्था रहेको महिला उहाँको भनाइ छ । जनकपुर धाम तथा सहरी क्षेत्रमा विद्यालय पहुँच बढेको छ, तर ग्रामीण क्षेत्रमा दलित विद्यार्थीको विद्यालय छाड्ने दर अझै उच्च रहेको इन्सेकका मधेस प्रदेश प्रमुख एवं मानव अधिकारकर्मी राजु पासवानले बताउनुहुन्छ । धनुषामा दलित महिलामाथि हुने हिंसा र विभेदका घटना पनि समय-समयमा सार्वजनिक हुने गरेको छ । दलित महिला अधिकारकर्मी सुनिता राउत मेस्तरका अनुसार जातीय र लैङ्गिक विभेदको दोहोरो असर महिलाले भोगिरहेका छन् । “महिलाले घरभित्र पनि सङ्घर्ष गर्नुपर्छ, समाजमा पनि”, उहाँले भन्नुभयो । राजनीतिक क्षेत्रमा दलित समुदायको सहभागिता बढेको देखिए पनि निर्णय प्रक्रियामा प्रभावकारी भूमिका अझै कमजोर रहेको स्थानीय विश्लेषकहरू बताउँछन् । संविधानले स्थानीय तहमा दलित महिलाको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरेपछि धनुषाका विभिन्न पालिकामा दलित महिला जनप्रतिनिधि निर्वाचित भएका छन् ।

धनुषामा अझै पनि जातीय विभेदका घटनाहरु पूर्णरूपमा अन्त्य हुन सकेका छैनन् । केही ग्रामीण क्षेत्रमा अन्तरजातीय विवाहलाई लिएर विवाद, सामाजिक बहिष्कार र तनाव हुने गरेको छ । यद्यपि युवा पुस्तामा जातीय सोच क्रमशः कमजोर हुँदै गएको सङ्केत पनि देखिन्छ। राष्ट्रिय मुसहर सङ्घका अध्यक्ष चन्देश्वर सादाले सामाजिक सञ्जालले चेतना विस्तारमा भूमिका खेलेको बताउनुभयो । “पहिले दबाएर राखिने आवाज अहिले खुलेर उठ्न थालेको छ”। उहाँले



भन्नुभयो ।

धनुषाका दलित समुदायको सांस्कृतिक योगदान पनि महत्वपूर्ण मानिन्छ । विवाह, धार्मिक उत्सव र मिथिला संस्कृतिसँग जोडिएका विभिन्न बाजागाजा तथा सांस्कृतिक परम्परामा दलित समुदायको विशेष भूमिका रहँदै आएको छ । डोम समुदायका कलाकार बिना मिथिलाका धेरै पारम्परिक संस्कार अधुरा मानिने स्थानीय संस्कृतिविद्हरू बताउँछ । जनकपुरधामका संस्कृतिविद् पूर्वरजिस्ट्रार सत्यनारायण साहका अनुसार मिथिला संस्कृतिको जीवन्त पक्षमा दलित समुदायको योगदान ऐतिहासिक छ । “समाजले उहाँहरूको श्रम प्रयोग गऱ्यो, तर सम्मान दिन कन्जुस्याइँ गऱ्यो”, उहाँले भन्नुभयो ।

स्वास्थ्य क्षेत्रमा पनि दलित बस्तीमा समस्या देखिन्छ । सर सफाइ, पोषण र स्वास्थ्य सेवामा पहुँच कमजोर हुँदा बालबालिका र महिलामा विभिन्न स्वास्थ्य समस्या बढी देखिने चिकित्सक वृजमोहन रजकले बताउनुहुन्छ । “केही ठाउँमा अझै स्वास्थ्य संस्था पुग्न कठिन अवस्था छ”, उहाँले बताउनुभयो । दलित बस्तीमा स्वास्थ्य सचेतना कार्यक्रम अझ प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक छ ।

सरकार तथा विभिन्न गैरसरकारी संस्थाले दलित समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिरहेका छन् । छात्रवृत्ति, सीपमूलक तालिम, महिला सशक्तीकरण तथा स्वरोजगार कार्यक्रम सञ्चालन भए पनि तिनको प्रभाव अपेक्षाअनुसार व्यापक हुन नसकेको स्थानीयवासी बताउँछन्। दलित अगुवा शम्भु महराका अनुसार वास्तविक परिवर्तनका लागि शिक्षा र आर्थिक सशक्तीकरणलाई प्राथमिकता दिनुपर्छ। “आरक्षणले केही अवसर दिएको छ, तर समुदायको ठूलो हिस्सा अझै पछाडि छ”, उहाँले भन्नुभयो । धनुषाका धेरै दलित युवा अहिले उच्च शिक्षा, पत्रकारिता, राजनीति, सङ्गीत, खेलकुद र सामाजिक अभियानमा सक्रिय हुन थालेका छन् । यसले समुदायमा नयाँ आशा जगाएको स्थानीय बुद्धिजीवीहरूको भनाइ छ । जनकपुरधामकी छात्रा रञ्जिता सदा भन्छिन्, “हामीलाई अवसर चाहिएको हो, दया होइन ।” कानुनी रूपमा छुवाछुत अन्त्य घोषणा गरिएको वर्षौं बितिसक्दा पनि मानसिकता परिवर्तनको गति सुस्त रहेको छ ।

दलित समुदायको उत्थानका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि अधिकार र सम्मानजनक सामाजिक व्यवहारलाई एकसाथ अघि बढाउन आवश्यक छ। स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकारले लक्षित कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

मिथिलाको सांस्कृतिक धरोहरलाई जीवित राख्न योगदान दिने दलित समुदायलाई सम्मान, अवसर र समान अधिकार दिन सके मात्र समावेशी समाज निर्माणको सपना सार्थक हुने जानकारहरू बताउँछन् । पुरानो विभेदपूर्ण संरचनासँग सङ्घर्ष गर्दै नयाँ पुस्ता शिक्षा, चेतना र अधिकारको बाटोमा अघि बढिरहेको छ । तर वास्तविक समानता स्थापित गर्न समाजको सोच, राज्यको नीति र व्यवहारिक कार्यान्वयनबीच समन्वयको खाँचो छ । -रासस

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# धनुषामा दुई दिन गणतन्त्र दिवस मनाईने

खबर दर्पण समाचारदाता

**जेष्ठ १२ गते, धनुषा**

राष्ट्रिय गणतन्त्र दिवस धनुषामा दुई दिन विभिन्न कार्यक्रमको आयोजना गरेर मनाईने भएको छ ।

गणतन्त्र दिवस मूल समारोह समिति धनुषाको आज जनकपुरधाममा बसेको सर्वपक्षीय बैठकले जेष्ठ १४ र १५ गते गणतन्त्र दिवसको अवसरमा धनुषामा विभिन्न रचनात्मक कार्यक्रमको आयोजना गरि मनाउने निर्णय गरेको हो ।

गणतन्त्र दिवसको अवसरमा स्थानीय तह र शिक्षा सम्बद्ध निकाय तथा संघ संस्थाद्वारा फरक क्षमताका विद्यार्थीहरुका लागि हितकर तथा शैक्षिक सामाग्रीहरु वितरण गर्ने निर्णय गरेको छ ।

तीनै सुरक्षा निकाय तथा अन्य सामाजिक एवं अन्य संघ संस्ता, राष्ट्रसेवक कर्मचारीहरुको सहभागितामा जनकपुरधामको ऐतिहासिक तथा धार्मिक महत्वको स्थलहरुको सरसफाई गर्ने, प्रदेशस्तरीय गणतन्त्र दिवस मूल समारोह समितिले आयोजना गर्ने कार्यक्रमसंग आबद्धता गरि कार्यक्रममा सहभागि हुने निर्णय बैठकले गरेको छ ।

यसका साथै जिल्ला स्तरीय मूल समारोह समितिको कार्यक्रम अन्तर्गत जेष्ठ १५ गते जिल्ला समन्वय समितिको कार्यक्रममा सहभागि भएर झण्डोतोलन गर्ने र शिक्षा विकास तथा समन्वय ईकाईको समन्वयमा पेब्सन तथा एन पेप्सन र सामुदायिक विद्यालयका संघ संस्थाहरुसंग समन्वय गरेर विविध शैक्षिक कार्यक्रमहरुको आयोजना गर्ने निर्णय गरेको छ ।

जिल्ला समन्वय समितिका उपप्रमुख संगिता ठाकुरको सहभागितामा भएको बैठकमा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुईटेलले सार्वजनिक विदा भएपनि उक्त कार्यक्रममा सहभागिताका लागि राष्ट्र सेवक कर्मचारीहरुसंग आग्रह गर्नु भयो ।

# जनसंख्या नीतिका आधारमा बजेट तथा कार्यक्रम बनाउन सुझाव

खबर दर्पण समाचारदाता

**जेष्ठ १२ गते, बर्दिवास**




विज्ञहरूले नेपालको जनसंख्या नीतिलाई आधार बनाएर संघ, प्रदेश र स्थानीय तहका सरकारले नीति, योजना तथा बजेट निर्माण गर्नुपर्नेमा जोड दिएका छन् ।संघीय स्वास्थ्य तथा खाद्य, स्वच्छता मन्त्रालयको आयोजना, मधेश प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वय तथा संयुक्त राष्ट्रसंघीय जनसंख्या कोषको सहयोगमा आज जनकपुरधाममा आयोजित "राष्ट्रिय जनसंख्या नीति सार्वजनिकीकरण तथा अभिमुखीकरण" कार्यक्रममा सहभागी वक्ताहरूले यस्तो धारणा राखेका हुन् ।

वक्ताहरूले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम निर्माणको चरण चलिरहेको उल्लेख गर्दै जनसंख्या नीति विकास योजनाको महत्वपूर्ण आधार भएकाले त्यसअनुसार बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रभावकारी प्रतिफल प्राप्त हुने बताए ।कार्यक्रममा मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री जंगीलाल राय ले प्रदेश सरकारले आगामी आर्थिक वर्षका स्वास्थ्य, शिक्षा तथा रोजगारीसम्बन्धी नीति निर्माण गर्दा जनसंख्या नीतिलाई प्राथमिक आधार बनाउने बताए ।

उनले जनसंख्या नीति विकास र समृद्धिको मार्गनिर्देशक दस्तावेज भएकाले त्यसअनुसार नीति तथा कार्यक्रम बनाए देशको विकासले गति लिने विश्वास व्यक्त गरे ।मधेश प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोद कुमार यादव ले स्वास्थ्य, शिक्षा तथा विकासका अन्य क्षेत्रका नीति तथा कार्यक्रमसमेत जनसंख्या नीतिमा आधारित हुनुपर्ने बताए ।

स्वास्थ्य तथा खाद्य, स्वच्छता मन्त्रालयका सहसचिव हेमराज सुवेदी ले हिमाली क्षेत्रका ३४ जिल्ला तथा ३१९ स्थानीय तहमा जनसंख्या वृद्धिदर ऋणात्मक रहेको जानकारी दिए । उनले हाल देशको जनसंख्या वृद्धिदर ०.९२ प्रतिशत रहेको र १५ देखि ५९ वर्ष उमेर समूहको जनसंख्या ६१.१ प्रतिशत रहेकाले यही अवधिमा विकास निर्माणमा तीव्रता दिन आवश्यक रहेको बताए ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुईटेल ले तीनै तहका सरकारका लागि जनसंख्या नीति उत्कृष्ट मार्गदर्शक दस्तावेज भएकाले सोही आधारमा नीति तथा योजना निर्माण उपयुक्त हुने बताए ।संयुक्त राष्ट्रसंघीय जनसंख्या कोषका मधेश प्रदेश प्रमुख डा. नरेन्द्र कुमार मिश्र ले मधेश प्रदेश सरकारले स्वास्थ्य तथा लैङ्गिक समानतासम्बन्धी नीति निर्माणमा आवश्यक सहयोग गर्न कोष तयार रहेको बताए ।कार्यक्रममा प्राध्यापक, जनसंख्याविद् तथा तथ्यांकविद्को सहभागिता रहेको थियो। नेपाल सरकारले २०८२ असार २२ गते राष्ट्रिय जनसंख्या नीति जारी गरेको हो ।


## हिमालयन लाइफ

प्रधान कार्यालय : हात्तीसार, काठमाण्डौ नेपाल


### हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसीलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमलेख हराएको मासिएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रिय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बिमालेख जारी गरीने समेत सम्बन्धीत सबैको लागि जानकारी गराइन्छ।

तपसील

| सिन | बीमालेख नं | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI४११००००३६२४ | अमिरुल राईन | महेन्द्रनगर ०६ सखुवा धनुषा |






## औरही नगरपालिका, महोत्तरी



## पालिकाको स्थानीयलाई अनुरोध



- जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।
- जन्मेको ३५ दिनभित्र आफ्नो स्थानीय निकायमा गई दर्ता गरौं ।
- जन्म, मृत्यु बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
- जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् ।
- बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।
- विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ ।
- सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।
- सबैको व्यक्तिगत घटना दर्ता गरौं गराऔं ।
- सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयमित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं ।
- प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।
- महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं ।
- जथाभावी पार्किंग नगरी तोकिएको स्थानमा मात्र पार्किंग गरौं ।
- गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं ।
- महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं ।





## गौशाला नगरपालिका, महोत्तरी

# मधेश प्रदेशमा मन्त्रिपरिषद् विस्तार



**खबर दर्पण समाचारदाता**
**जेष्ठ १२ गते, बर्दिवास**

मधेश प्रदेश सरकारको मन्त्रिमण्डलले अन्ततः पूर्णता पाएको छ । मुख्यमन्त्री कृष्ण प्रसाद यादवले सत्ता साझेदार दलबीच सहमति जुटेपछि मन्त्रिमण्डल विस्तार गरेका हुन् ।

अर्थमा नेकपाका युवराज भट्टराई, एमालेबाट भौतिकमा मोहम्मद समिर, श्रम तथा यातायात मन्त्रीमा शारदादेवी थापा, युवा तथा समाज कल्याणमन्त्रीमा लखनदास र शिक्षा तथा संस्कृति मन्त्रीमा मनोज सिंहलाई नियुक्त भएका छन् ।

यस्तै कांग्रेसबाट स्वास्थ्यमा नगेन्द्र शाह नियुक्त भएका छन् । नवनियुक्त मन्त्रीहरूले आजै पद तथा गोपनीयताको शपथ लिएका छन् ।

# सर्लाहीमा भरुवा बन्दुकसहित एक जना पक्राउ, ३ जना फरार



**खबर दर्पण समाचारदाता**
**जेष्ठ १२ गते, बर्दिवास**

सर्लाहीको बरहथवा नगर पालिकामा भरुवा बन्दुकसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा बागमती नगर पालिका वडा नं. २, सुकुमवासी टोल बस्ने ३८ वर्षीय बुद्धीमान घलान रहेका छन्।

प्रहरीका अनुसार सोमबार बरहथवा नगरपालिका-१२ स्थित लौकट टोलमा केही अपरिचित व्यक्तिहरू भरुवा बन्दुकसहित हिँडडुल गरिरहेको गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय बरहथवा र इलाका प्रहरी कार्यालय हिरापुर बाट खटिएको संयुक्त टोलीले खोजतलास सुरु गरेको थियो।


## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिँदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

**भंगहा नगरपालिका, महोत्तरी**

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

**मिथिला नगरपालिका, धनुषा**

छोरी शिक्षा समाजको उज्ज्वल भविष्यको आधार हो। शिक्षित छोरीले परिवार, समाज र देशको समृद्धिमा महत्वपूर्ण योगदान पुयाउँछिन् ।

शिक्षित छोरी आत्मनिर्भर बन्छिन्
परिवारको स्वास्थ्य र जीवनस्तर सुधार हुन्छ
रोजगारी र अवसरहरू बढ्छन्
लैङ्गिक समानता कायम हुन्छ

"छोरी पढे, देश बढे"
"छोरीलाई शिक्षा, उज्यालो भविष्यको दिशा"
"छोरी र छोरामा भेदभाव नगरी समान अवसर दिऔं"
"बालविवाह रोकौं, शिक्षा प्रोत्साहन गरौं"

अभिभावकले छोरीलाई विद्यालय पठाऔं
समाजले छोरी शिक्षालाई प्राथमिकता दिऔं
स्थानीय तहले छात्रवृत्ति र सुविधा बढाऔं
सबैले लैङ्गिक समानता कायम गरौं

छोरीलाई शिक्षित बनाउनु भनेको समग्र समाजलाई सशक्त बनाउनु हो । आज छोरीलाई शिक्षा दिऔं, भोली समृद्ध राष्ट बनाऔं ।

अनुरोधकर्ता :

**जनकपुरधाम उपमहानगरपालिका**
धनुषा , जनकपुरधाम
मधेश प्रदेश

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिवास, महोत्तरी
044-550255


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,